# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, फागुन ७ गते २०४६ साल (अतिरिक्ताङ्क ६१ (क)


## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट श्री ५ त्रिभुवन जयन्ती तथा राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा विक्रम सम्वत् २०४६ फागुन ७ गते बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

१. श्री ५ त्रिभुवन जयन्ती तथा राष्ट्रिय प्रजातन्त्र दिवसको पुनीत अवसरमा सर्वप्रथम हामी प्रातःस्मरणीय स्वर्गीय श्री ५ त्रिभुवन तथा प्रजातन्त्रको लागि शहीद हुने सबै नेपालीप्रति हार्दिक श्रद्धान्जलि अर्पण गर्दछौं ।

२. समयानुकूल प्रजातान्त्रिक परिपाटीअनुरूप मुलुकलाई आधुनिकीकरणको दिशातर्फ डो-याउने कार्यको थालनी २००७ सालको परिवर्तनबाट भएको थियो । जन-आकांक्षा तथा राष्ट्रिय हित, मूल्य र मान्यताप्रति प्रतिबद्ध प्रजातान्त्रिक आदर्शको विकासको लागि २०१७ सालमा नेपालले दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्था अंगालेको हो । राष्ट्रिय जनमत संग्रहबाट अनुमोदित देशको आवश्यकता

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुरूप यो व्यवस्था निश्चय पनि जनइच्छा अनुकूल भएको कुरा प्रमाणित भइसकेको छ। बहुमतको कदर गर्ने परम्परा प्रजातान्त्रिक संस्कार हो भने यस व्यवस्थाले अंगालेको विकेन्द्रीकरणको माध्यम जनतालाई मुलुकको विकासको निर्णय प्रक्रियामा सहभागी बनाउने र प्रजातान्त्रिक संस्कारलाई सुदृढ पार्ने महत्त्वपूर्ण आधार पनि हो। प्रजातान्त्रिक परिपाटीअनुसार राजनैतिक व्यक्तिहरूले अधिकारको सदुपयोग गर्ने र जिम्मेवारी बोक्दै बहुमतको कदर गर्ने आचरणको पनि विकास गर्दै जानु पर्दछ।

३. नेपाली जनता आज आफ्नै गाउँ नगरमा भइरहेको प्रजातान्त्रिक अभ्यासबाट प्रजातन्त्रको मूल्य र मर्यादा कायम राख्ने कुरामा सचेत र सक्षम भइसकेका छन्। नेपालको विकास नेपालीहरूकै अठोट र कटिबद्धतामा आधारित हुन्छ। निःस्वार्थ भावनाले नेपाल र नेपालीको हितलाई नै लक्ष्य मानी समर्पित हुने चरित्रमा प्रजातन्त्र फष्टाउँदछ। जनतामा गई राष्ट्रको लागि केही गर्ने अठोट राख्ने कुनै पनि नेपालीले राष्ट्रिय समझदारी र सहमतिको न्यानो वातावरणबाट आफूलाई पृथक ठान्नुपर्ने अवस्था छैन।

४. अन्तमा, आजको परिप्रेक्ष्यमा हाम्रो भूराजनैतिक परिस्थितिलाई समेत दृष्टिगत गर्दै राष्ट्रको लागि हामीले गर्नुपर्ने आ-आफ्नो कर्तव्यप्रति सचेत रही श्री ५ त्रिभुवन जयन्ती तथा राष्ट्रिय प्रजातन्त्र दिवसको मर्म साकार पारौं – आजको दिनमा हाम्रो यही कामना छ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून्!

जय नेपाल!

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।